सदाचार निष्पक्षता निर्भीकता

# अख्तियार इ-बुलेटिन

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको लागि प्रकाशित)

वर्ष २२ अङ्क १ साउन, २०८३

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टङ्गाल, काठमाडौं।**




## सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नको लागि स्थापित संवैधानिक निकाय हो। सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गर्ने, अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने र सार्वजनिक पद धारण गरेको व्यक्तिको कामकारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्रअन्तर्गत पर्ने प्रकृतिको देखिएमा आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्ने जिम्मेवारी संवैधानिक रुपमा आयोगलाई प्रत्याभूत भएको छ।

सूचनाको हकको कार्यान्वयन गरी पारदर्शिता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ। आयोगले सम्पादन गरेका कामकारबाही, उपलब्धि र भए/गरेका गतिविधि समेटी विगतदेखि नै अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा त्रैमासिक रुपमा इ-बुलेटिन प्रकाशित हुने गरेको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको

क्रमश...

**प्रकाशन तथा सम्पादन**
**सूचना समन्वय शाखा**
**महाशाखा नं. १०**
**टङ्गाल, काठमाडौं**

## यस अङ्कमा

- उजुरी दर्ता र कारबाहीको विवरण
- **२०८३ वैशाखदेखि असारसम्म दायर भएका मुद्दाहरूको विवरण**
- **२०८३ वैशाखदेखि असारसम्म** घुस/रिसवतसम्बन्धी कारबाहीको विवरण
- आयोगमा रहेको कुल उजुरी तथा फछ्र्यौट सङ्ख्या
- विशेष अदालतमा दायर भएका आरोपपत्रहरूको सङ्ख्या
- विशेष अदालतबाट भएको फैसला र आयोगबाट भएको पुनरावेदन
- आयोगबाट भएको भ्रष्टाचार नियन्त्रणसम्बन्धी निरोधात्मक, प्रवर्धनात्मक तथा संस्थागत क्षमता विकाससम्बन्धी कार्यहरूको विवरण
- आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरण

## कार्यालयगत उजुरी र फछ्र्यौंटको अवस्था स्तम्भचित्रमा




https://www.ciaa.gov.np इमेलः ujuri@ciaa.gov.np फोन नं. ०१-५२६२१५१,०१-५२६२११९ फ्याक्स नं. ९७७-१-५२६२१२८

## आयोगका पदाधिकारीहरू



मानीय प्रमुख आयुक्त
प्रेम कुमार राई



माननीय आयुक्त
जय बहादुर चन्द



माननीय आयुक्त
डा. हरि पौडेल



माननीय आयुक्त
डा. सुमित्रा श्रेष्ठ अमात्य



सचिव
डिल्लीराम शर्मा

# सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न स्थापित संवैधानिक निकाय हो। सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गर्ने, अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने र सार्वजनिक पद धारण गरेको व्यक्तिको कामकारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्रअन्तर्गत पर्ने प्रकृतिको देखिएमा आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्ने जिम्मेवारी संवैधानिक रुपमा आयोगलाई प्रत्याभूत भएको छ।

सूचनाको हकको कार्यान्वयन गरी पारदर्शीता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ। आयोगले सम्पादन गरेका कामकारबाही, उपलब्धि र भए गरेका गतिविधि समेटी विगतदेखि नै आयोगबाट अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा त्रैमासिक रुपमा इ-बुलेटिन प्रकाशित हुने गरेको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हकसम्बन्धी व्यवस्था छ। यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ मा सार्वजनिक निकायले आफ्नो निकायसँग सम्वन्धित सूचना प्रत्येक ३ महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने व्यवस्था छ। उक्त कानुनी व्यवस्थाअनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रत्येक त्रैमासिक अवधिमा सम्पन्न गरेका मुख्य मुख्य क्रियाकलापहरू समावेश गरी स्वतः प्रकाशनको रुपमा इ-बुलेटिन सार्वजनिक गर्दै आएको छ।

आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक (बैशाख-असार) अवधिमा ११,७२६, पहिलो-तेस्रो त्रैमासिक अवधिमा २१,६०२ उजुरी परेका तथा गत आ.व. २०८१/८२ बाट जिम्मेवारी सरेर आएका ७,३२३ उजुरीसमेत गरी कुल ४०,६५१ उजुरी रहेका छन्। पहिलो-तेस्रो त्रैमासिक अवधिमा १९,४७४ र चौथो त्रैमासिक अवधिमा १३,३२५ गरी जम्मा ३२,७९९ उजुरी फछ्र्यौट भएका छन्। फछ्र्यौट हुन बाँकी ७,८५२ उजुरी छानवीन/अनुसन्धानको क्रममा रहेका छन्। फछ्र्यौट भएकामध्ये यस अवधिसम्ममा ७१९ वटा उजुरी विस्तृत अनुसन्धानमा गएको, ६२३ वटा उजुरी सुझावसहित तामेली गरिएको, ७,५४२ वटा उजुरी कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको, ५,७०७ वटा उजुरी सोसँग सम्बन्धित अन्य उजुरीमा गाभिएको र १८,२०८ वटा उजुरी तामेलीमा पठाइएको छ। यस आर्थिक वर्षको चौथो त्रैमासिक अवधिमा विशेष अदालतमा दायर गरिएका ५४ वटा आरोपपत्रमा ३१७ जना आरोपीलाई प्रतिवादी बनाई बिगो रू. **१०,५३,८४,७८,३४५ /-** मागदाबी लिइएको छ। आयोगबाट यस अवधिमा घुस (रिसवत) सम्बन्धी ८ वटा कारबाही भएको र यसबाट रू. १०,६७,३५० /- रकम जफत हुनुका साथै घुस (रिसवत)सँग जोडिएका ९ जना व्यक्तिहरूलाई नियन्त्रणमा लिई कारबाहीको प्रक्रिया अघि

बढाइएको छ। साथै यस त्रैमासिक अवधिमा विशेष अदालतले गरेको फैसला उपर चित्त नबुझेकोले सम्मानित सर्वोच्च अदालतमा ३५ वटा पुनरावेदन दर्ता गरिएको र चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्म जम्मा १०४ वटा पुनरावेदन निवेदन दर्ता गरिएको छ।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्धन गर्ने अभियानमा आयोगको एक्लो प्रयास मात्र सार्थक नहुने हुँदा नेपाल सरकारका सबै निकाय, सार्वजनिक सेवा प्रदायक संस्था, सरोकारवाला निकाय एवं प्रबुद्ध नागरिक समाज र सञ्चार जगतले समेत आ-आफ्नो ठाउँबाट भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउँदै आगामी दिनमा थप सशक्त र प्रभावकारी भूमिका निभाउन जरुरी छ।

अन्त्यमा, आयोगले गर्दै आएका कार्यक्रमहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्दै आउनु भएका सबैप्रति हार्दिक आभारसहित धन्यवाद ज्ञापन गर्दछौं। आफ्नो नजिकमा भएका भ्रष्टाचारजन्य घटना वा आफूले थाहा पाएका भ्रष्टाचारका सूचनाहरू सदाझैं आफूलाई पायक पर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौं वा आयोगअन्तर्गतका कार्यालयहरूमा दिनसमेत अनुरोध गर्दछौं।

## सम्पादक समूह

| | | |
|---|---|---|
| सचिव श्री डिल्लीराम शर्मा | : | अध्यक्ष |
| सहसचिव श्री सुरेश न्यौपाने | : | सदस्य |
| उपसचिव श्री गणेश बहादुर अधिकारी | : | सदस्य |
| तथ्याङ्क अधिकृत श्री प्रेम कुमार घिमिरे | : | सदस्य |
| शाखा अधिकृत श्री रोशना देवान | : | सदस्य |

सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक विवरण

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल

## आ.व. २०८२/८३ को चौथो त्रैमासिक (वैशाख-असार) को प्रगति विवरण

### १. आयोगको स्वरूप र प्रकृति

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्धन गर्न नेपालको संविधानको भाग २१, धारा २३८ मा संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था छ। आयोगमा प्रमुख आयुक्त र चारजना आयुक्तहरू रहने संवैधानिक व्यवस्था रहेको र नियुक्तिको मितिले प्रमुख आयुक्त र अन्य आयुक्तको पदावधि छ वर्षको हुनेछ। संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट प्रमुख आयुक्त र आयुक्तको नियुक्ति हुने प्रावधान छ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरू**

| | |
|---|---|
| माननीय प्रमुख आयुक्त | श्री प्रेम कुमार राई |
| माननीय आयुक्त | श्री जय बहादुर चन्द |
| माननीय आयुक्त | डा. हरि पौडेल |
| माननीय आयुक्त | डा. सुमित्रा श्रेष्ठ अमात्य |

संविधानको धारा २३९ अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था रहको छ। आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछन्।

**आयोग र मातहतका कार्यालयहरू**

आयोगको केन्द्रीय कार्यालय, टङ्गाल, काठमाडौंमा रहेको छ। आयोग मातहत देहायका ८ वटा कार्यालयहरू रहेका छन् :

| सि.नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं | हट लाइन नं. १०७<br>०१५२६२१५१ | ०१-५२६२१२८<br>०१५२६२१०४ |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी | ०२५-५८६९७० | ०२५-५८५६०० |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास | ०४४-५५०६८६ | ०४४-५५०५३१ |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | ०५७-५२३२७७ | ०५७-५२०३६९ |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | ०६१-५७२७०१<br>०६१-५७२७०२ | |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | ०७१-५३००३१<br>०७१-५३१९५८<br>०७१-५३०८३७ | ०७१-५४०८२३ |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको सम्पर्क कार्यालय, नेपालगञ्ज | ०८१-५५०६२६,<br>०८१-५५०६२७ | ०८१-५५०४२६ |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | ०८३-५२१९६०<br>०८३-५२३१७८ | ०८३-५२३८८४ |
| ९. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | ०९९-५२४२६३<br>०९९-५२१११७ | ०९९-५२२७९५ |

**२. आयोगको काम, कर्तव्य र अधिकार**

(१) नेपालको संविधानको भाग २१ को धारा २३९ (१) बमोजिम कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषद्बाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि सङ्घीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिउपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्नेछ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानुनबमोजिम हुनेछ।

संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारबाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाउनेसम्बन्धी व्यवस्था रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई भ्रष्टाचारका उजुरी सम्बन्धमा अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउन आवश्यक पर्ने सुधारात्मक कार्यहरू गर्ने थप दायित्वसमेत सुम्पेको छ। जसअन्तर्गत आयोगबाट निम्न कार्यहरू सम्पादन हुने गरेको छः

- विद्यमान ऐन, नियम वा प्रचलनमा कुनै त्रुटी भए सुधार गर्न सुझाव दिने।
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्धनात्मक कार्यहरू गर्ने।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने।
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने।

## ३. आयोगमा रहेको जनशक्ति र कार्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट स्वीकृत भई कायम भएको दरबन्दी तेरिजबमोजिम आयोगको केन्द्रीय कार्यालय, टङ्गालमा १२ वटा महाशाखाहरू सहित ५१२ जनाको दरबन्दी रहेको छ। त्यसैगरी आयोग मातहतका ८ वटा कार्यालयहरूमा जम्मा ४७८ जनाको दरबन्दी रही आयोगमा कुल ९९० जना कर्मचारीहरूको देहायअनुसारको दरबन्दी रहेको छः-

| श्रेणी/कार्यालय | टङ्गाल | इटहरी | बर्दिबास | हेटौंडा | पोखरा | बुटवल | नेपालगञ्ज | सुर्खेत | कञ्चनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रा.प. विशिष्ट | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| रा.प. प्रथम | १३ | १ | १ | १ | १ | १ | ० | १ | १ | २० |
| रा.प. द्वितीय | ६४ | ४ | ४ | ४ | ४ | ४ | १ | ४ | ४ | ९३ |
| रा.प. तृतीय | १०७ | १७ | १८ | १७ | १५ | १५ | ८ | १७ | १५ | २२९ |
| **अधिकृत स्तर** | **१८५** | **२२** | **२३** | **२२** | **२०** | **२०** | **९** | **२२** | **२०** | **३४३** |
| रा.प.अनं. प्रथम | ११८ | १७ | १७ | १७ | १७ | १४ | १३ | १६ | १७ | २४६ |
| रा.प.अनं. द्वितीय | २४ | ४ | ४ | ४ | ४ | २ | ३ | २ | ४ | ५१ |
| रा.प.अनं. तृतीय | २६ | ४ | ४ | ४ | ४ | ३ | २ | ४ | ४ | ५५ |
| रा.प.अनं. चतुर्थ | ६४ | ७ | ७ | ७ | ७ | ६ | ४ | ७ | ७ | ११६ |
| श्रेणीविहीन | ९५ | ११ | ११ | ११ | ११ | १० | ९ | १० | ११ | १७९ |
| **सहायकस्तर** | **३२७** | **४३** | **४३** | **४३** | **४३** | **३५** | **३१** | **३९** | **४३** | **६४७** |
| **जम्मा** | **५१२** | **६५** | **६६** | **६५** | **६३** | **५५** | **४०** | **६१** | **६३** | **९९०** |

यस अनुसारको स्वीकृत दरबन्दीमा आयोगमा स्थायी कर्मचारीका अतिरिक्त केही करार सेवाअन्तर्गतको जनशक्तिबाट समेत सेवा प्रवाह हुँदै आएको छ।

## ४. आयोगबाट प्रदान गरिने सेवा

सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरी कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था नेपालको संविधानमा रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीसमेतको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारबाही चलाउन सक्ने व्यवस्था गरेअनुसार भ्रष्टाचारसम्बन्धी उजुरी आयोगका सबै कार्यालयहरूमा दर्ता हुने व्यवस्था गरिएको छ।

आयोगमा विचाराधीन वा अनुसन्धानको अवस्थामा रहेको कुनै विषयसँग सम्बन्धित सूचना/जानकारी र कुनै कागजातको नक्कल नदिने गरी आयोगबाट निर्णय वा आदेश भएकोमा त्यस्तो सूचना/जानकारी र

कागजातको नक्कल उपलब्ध हुँदैन। त्यसैगरी आयोगबाट हुने अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर पार्ने देखिएका विषयमा समेत कुनै सूचना उपलब्ध हुँदैन।

तर आयोगबाट हाल मुद्दा नचल्ने गरी तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सम्बन्धित सरोकारवालालाई त्यस्तो नक्कल उपलब्ध गराउने व्यवस्था गरिएको छ।

आयोगमा दर्ता गराएको कुनै उजुरीउपर सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारबाहीलाई प्रतिकूल असर नपर्ने गरी सूचना उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

आयोगमा उपस्थित भई भ्रष्टाचारसम्बन्धी उजुरी दर्ताको लागि आयोगमा मूल दर्ता शाखा रहेको छ। आयोगको वेबसाइटमा रहेको अनलाइन उजुरी दर्ता प्रणालीमार्फत पनि उजुरी दर्ता गर्न सकिन्छ। आयोगको हटलाइन नम्बर १०७ मा आउने उजुरीहरू प्रहरी महाशाखा र टोल फ्रि नम्बर तथा इमेलमार्फत आउने उजुरीहरू नीति तथा योजना महाशाखाबाट व्यवस्थापन हुने गरेको छ।

आयोगबाट मुद्दा नचल्ने भई तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सरोकारवालालाई सो नक्कल सम्बन्धित अधिकृतले कानुनबमोजिम उपलब्ध गराउने छ। यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई सूचना उपलब्ध गराउने जिम्मेवारी आयोगका सूचना अधिकारीको हुनेछ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगबाट प्रदान हुने सेवाका लागि सामान्यतः कुनै शुल्क दस्तुर लाग्दैन। आयोगमा उपलब्ध हुने कागजातको नक्कल लिन चाहने सरोकारवाला नेपाली नागरिकले प्रतिपाना रु. ५/- का दरले नक्कल दस्तुरसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को अनुसूची-१५ बमोजिमको ढाँचामा आयोगमा निवेदन दिनु पर्नेछ। दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा बढी भएमा प्रति पेज रु. ५/- दस्तुर लाग्नेछ। तर कुनै सरकारी कार्यालयलाई नक्कल प्रदान गर्दा दस्तुर लिइने छैन। सूचनाको हकसम्बन्धी ऐन, नियमबमोजिम सूचना मागकर्तालाई माग भएको सूचनाको प्रकृति हेरी बढीमा १५ दिनभित्र सूचना उपलब्ध हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

### क. उजुरीसम्बन्धी निर्णय प्रक्रिया

- आयोगमा प्राप्त सबै उजुरीहरू दर्तापश्चात् स्क्रिनिङ समितिमा छलफल भई छानबिन तथा अनुसन्धान गर्नुपर्ने प्रकृतिका उजुरीहरू भए सम्बन्धित महाशाखा/आयोगका कार्यालयहरूमा पठाइन्छ। साथै, उजुरीसँग सम्बन्धित विषय आवश्यकताअनुसार नेपाल सरकारका अन्य कार्यालय वा पदाधिकारीलाई समेत लेखी पठाइन्छ। आयोगको कार्यालय वा सम्बन्धित निकायमा लेखी पठाइएका उजुरीहरू आयोगको महाशाखाबाट लगतकट्टा गरिनेछ।
- प्राप्त उजुरीउपर अनुसन्धान अधिकृतले अनुसन्धान सम्पन्न गरी आयोग समक्ष पेस गरेको प्रतिवेदनउपर आयोगबाट भएको निर्णयबमोजिम सम्मानित विशेष अदालतमा मुद्दा दायर गर्ने वा नगर्ने गरिन्छ।

### ख. निर्णयउपर उजुरी सुन्ने अधिकारी

- सूचना उपलब्ध गराउने अधिकारीः माग भएको सूचनाको विषय/प्रकृतिअनुसार आयोगका सूचना अधिकारीले सूचना मागकर्तालाई सूचना उपलव्ध गराउने छन्।
- पुनरावेदनको प्रक्रिया र पदाधिकारीः सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार सूचना अधिकारीबाट उपलब्ध सूचनामाथि चित्त नबुझेमा वा सूचना नै नपाएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ बमोजिम आयोगका प्रमुखसमक्ष उजुरी दिन सकिनेछ।

## ८. नक्कल र सूचना लिनेसम्बन्धी प्रक्रिया

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकले आयोगद्वारा तोकिएको ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्नेछ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग गर्ने सरोकारवाला नेपाली नागरिकले सोही नियमावलीको अनुसूची १५ बमोजिमको ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्नेछ। साथै, यस्तो निवेदन आयोगको इमेल suchana@ciaa.gov.np मा समेत पठाउन सकिनेछ।
- आयोगबाट मुद्दा नचल्ने वा तामेलीमा राख्ने निर्णय भएका विषयसँग सम्वन्धित मिसिल संलग्न कागजातहरूमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्यणको प्रतिलिपि/नक्कल सम्बन्धित अधिकृतले उपलब्ध गराउने छ।
- आयोगमा दिएको बयान वा आयोगको निर्यणको प्रतिलिपि/नक्कल माग गर्ने सरोकारवालाले तामेलीमा रहेको मिसिलको तामेली नम्बर खुलाउनु पर्नेछ।
- तामेलीमा भएका निर्णयको नक्कल दिने निर्णय भएमा तामेली शाखा प्रमुखले नियमानुसार लाग्ने दस्तुर लिई प्रमाणित नक्कल सरोकारवालालाई उपलब्ध गराउनु पर्नेछ।

- सूचना माग गर्ने व्यक्ति सूचनासँग सरोकार राख्ने व्यक्ति वा उजुरीकर्ता भएको हुनु पर्नेछ। साथै, नेपाल सरकारबाट जारी भएको आफ्नो परिचय खुल्ने कागजातसमेत पेस गर्नुपर्दछ। यसरी सूचना माग गर्दा उजुरी दर्ता नम्बर स्पष्ट रुपमा खुली आएको हुनु पर्नेछ।

**९. सम्पादन गरेको कामको विवरणः**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को कार्यान्वयन गर्ने प्रयोजनार्थ आ.व. २०८२/८३ को यस त्रैमासिक अवधिमा आयोगले सम्पादन गरेका प्रमुख कार्यहरूलाई सम्पादित कार्यहरूको त्रैमासिक (साउन-असार) विवरणमा प्रस्तुत गरिएको छः

**१०. प्रवक्ता एवं सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.**

**प्रवक्ताः -** सहसचिव- सुरेश न्यौपाने सम्पर्क : ९८५१२३३२८१

**सूचना अधिकारीः-** उपसचिव- श्री गणेश बहादुर अधिकारी सम्पर्क : ९८५११८७३०८

आयोग मातहतका ७ वटा कार्यालय र आयोगको कार्यालय बुटवलको सम्पर्क कार्यालय, नेपालगञ्जका सूचना अधिकारीहरूको नाम र सम्पर्क टेलिफोन नम्बर देहायअनुसार रहेको छः-

| कार्यालयको नाम | सूचना अधिकारीको नाम | सम्पर्क टेलिफोन नं. |
|---|---|---|
| अ.दु.अ.आ.कार्यालय, इटहरी | उपसचिव श्री रोशन अर्याल | ९८५२०७०३३३ |
| अ.दु.अ.आ.कार्यालय, बर्दिबास | उपसचिव श्री प्रकाश पोखरेल | ९८५४०७९१११ |
| अ.दु.अ.आ.कार्यालय, हेटौडा | उपसचिव श्री विमोचन घिमिरे | ९८४५८२८४०५ |
| अ.दु.अ.आ.कार्यालय, पोखरा | उपसचिव श्री रामहरी शर्मा | ९८५६०७७१८९ |
| अ.दु.अ.आ.कार्यालय, बुटवल | उपसचिव श्री कमला घिमिरे | ९८५७०७५०३१ |
| अ.दु.अ.आ.कार्यालय, सुर्खेत | शाखा अधिकृत तेज बहादुर बोगटी | ९८५८०७३६६६ |
| अ.दु.अ.आ.कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगञ्ज | शाखा अधिकृत श्री विष्णु प्रसाद न्यौपाने | ९८५८०४५७८८ |
| अ.दु.अ.आ.कार्यालय, कञ्चनपुर | शाखा अधिकृत चेतराज भट्ट | ९८५८७५२३७७ |

## ११. संविधान, ऐन, नियम, कार्यविधि वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- प्रमाण ऐन, २०३१
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- विशेष अदालत ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०७६
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८
- अभियोजन मार्ग दर्शन, २०७८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, कागजात धुल्याउने कार्यविधि, २०८१
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग (पहिलो संशोधन) कार्यविधि २०८१
- सूचना संकलन र रङ्गेहात कारबाही (स्टिङ अपरेसन) सञ्चालन तथा अनुसन्धान कार्यविधि, २०८२
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग आन्तरिक नियन्त्रण प्रणाली, २०८२
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सामाजिक सञ्जाल प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०८२
- विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति, पुनर्स्थापना र कारबाही पुनः सुचारू गर्ने सम्बन्धी कार्यविधि, २०८२
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) कसुरको अनुसन्धान गर्ने कार्यविधि, २०८२
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग आन्तरिक नियन्त्रण प्रणाली, २०८२
- शैक्षिक योग्यताको प्रमाणपत्र छानबिन तथा अनुसन्धान कार्यविधि, २०८२
- उजुरी परीक्षण (स्क्रिनिङ) सम्बन्धी कार्यविधि, २०८२
- कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तासम्बन्धी मापदण्ड, २०८२

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८२/८३ को बजेट विनियोजन र यस त्रैमासिकसम्मको खर्च, राजस्व र धरौटीको विवरण देहायअनुसार छः-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
कार्यालय कोड नं : २०६००३५०१

# खर्चको फाँटबारी

**बजेट उपशीर्षक नम्बर:** २०६०००११३ | **आर्थिक वर्ष:** २०८२/८३

**आयोजना/कार्यक्रम नाम:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च समेत) | **महिना:** असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **21111 पारिश्रमिक कर्मचारी** | | | | | **३०३,१९८,०००.००** | **२४७,७६९,८६८.५२** | **२२८,५७९,०३१.२८** | **१९,१९०,८३७.२४** | **२४७,७६९,८६८.५२** | **०.००** | **२४७,७६९,८६८.५२** | **५५,४२८,१३१.४८** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३०३,१९८,०००.०० | २४७,७६९,८६८.५२ | २२८,५७९,०३१.२८ | १९,१९०,८३७.२४ | २४७,७६९,८६८.५२ | ०.०० | २४७,७६९,८६८.५२ | ५५,४२८,१३१.४८ |
| **21121 पोशाक** | | | | | **३,१३२,०००.००** | **२,४३४,०००.००** | **२,४३४,०००.००** | **०.००** | **२,४३४,०००.००** | **०.००** | **२,४३४,०००.००** | **६९८,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,१३२,०००.०० | २,४३४,०००.०० | २,४३४,०००.०० | ०.०० | २,४३४,०००.०० | ०.०० | २,४३४,०००.०० | ६९८,०००.०० |
| **21122 खाद्यान्न** | | | | | **१७,५४४,०००.००** | **१०,८६७,७९०.२४** | **९,८८६,४०६.०८** | **९८१,३८४.१६** | **१०,८६७,७९०.२४** | **०.००** | **१०,८६७,७९०.२४** | **६,६७६,२०९.७६** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १७,५४४,०००.०० | १०,८६७,७९०.२४ | ९,८८६,४०६.०८ | ९८१,३८४.१६ | १०,८६७,७९०.२४ | ०.०० | १०,८६७,७९०.२४ | ६,६७६,२०९.७६ |
| **21132 महंगी भत्ता** | | | | | **२०,४८४,०००.००** | **१६,५३६,६६३.६७** | **१४,७३७,७५७.४२** | **१,७९८,९०६.२५** | **१६,५३६,६६३.६७** | **०.००** | **१६,५३६,६६३.६७** | **३,९४७,३३६.३३** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २०,४८४,०००.०० | १६,५३६,६६३.६७ | १४,७३७,७५७.४२ | १,७९८,९०६.२५ | १६,५३६,६६३.६७ | ०.०० | १६,५३६,६६३.६७ | ३,९४७,३३६.३३ |
| **21135 कर्मचारी प्रोत्साहन तथा पुरस्कार** | | | | | **२६९,८६७,०००.००** | **१७९,६४६,१५८.९८** | **१५०,३९५,७९६.९५** | **२९,२५०,३६२.०३** | **१७९,६४६,१५८.९८** | **०.००** | **१७९,६४६,१५८.९८** | **९०,२२०,८४१.०२** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २६९,८६७,०००.०० | १७९,६४६,१५८.९८ | १५०,३९५,७९६.९५ | २९,२५०,३६२.०३ | १७९,६४६,१५८.९८ | ०.०० | १७९,६४६,१५८.९८ | ९०,२२०,८४१.०२ |
| **21139 अन्य भत्ता** | | | | | **५,०२५,०००.००** | **७८४,२००.००** | **७६४,२००.००** | **२०,०००.००** | **७८४,२००.००** | **०.००** | **७८४,२००.००** | **४,२४०,८००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५,०२५,०००.०० | ७८४,२००.०० | ७६४,२००.०० | २०,०००.०० | ७८४,२००.०० | ०.०० | ७८४,२००.०० | ४,२४०,८००.०० |
| **21212 योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च** | | | | | **१,४०७,०००.००** | **५१,५२०.९८** | **४८,१४७.५०** | **३,३७३.४८** | **५१,५२०.९८** | **०.००** | **५१,५२०.९८** | **१,३५५,४७९.०२** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,४०७,०००.०० | ५१,५२०.९८ | ४८,१४७.५० | ३,३७३.४८ | ५१,५२०.९८ | ०.०० | ५१,५२०.९८ | १,३५५,४७९.०२ |
| **21213 योगदानमा आधारित बीमा कोष खर्च** | | | | | **२,२०२,०००.००** | **१,६८१,२१२.९०** | **१,५३८,८१२.९०** | **१४२,४००.००** | **१,६८१,२१२.९०** | **०.००** | **१,६८१,२१२.९०** | **५२०,७८७.१०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,२०२,०००.०० | १,६८१,२१२.९० | १,५३८,८१२.९० | १४२,४००.०० | १,६८१,२१२.९० | ०.०० | १,६८१,२१२.९० | ५२०,७८७.१० |
| **22111 पानी तथा बिजुली** | | | | | **१०,३००,०००.००** | **८,६४९,९५८.६६** | **५,७१५,७०१.१६** | **२,९३४,२५७.५०** | **८,६४९,९५८.६६** | **०.००** | **८,६४९,९५८.६६** | **१,६५०,०४१.३४** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १०,३००,०००.०० | ८,६४९,९५८.६६ | ५,७१५,७०१.१६ | २,९३४,२५७.५० | ८,६४९,९५८.६६ | ०.०० | ८,६४९,९५८.६६ | १,६५०,०४१.३४ |
| **22112 संचार महसुल** | | | | | **८,६००,०००.००** | **५,१८३,४५१.३७** | **२,२७४,९१६.३७** | **२,९०८,५३५.००** | **५,१८३,४५१.३७** | **०.००** | **५,१८३,४५१.३७** | **३,४१६,५४८.६३** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८,६००,०००.०० | ५,१८३,४५१.३७ | २,२७४,९१६.३७ | २,९०८,५३५.०० | ५,१८३,४५१.३७ | ०.०० | ५,१८३,४५१.३७ | ३,४१६,५४८.६३ |
| **22212 इन्धन (कार्यालय प्रयोजन)** | | | | | **३४,५२३,०००.००** | **१५,९४४,२९२.९८** | **१५,३९३,२६५.९८** | **५५१,०२७.००** | **१५,९४४,२९२.९८** | **०.००** | **१५,९४४,२९२.९८** | **१८,५७८,७०७.०२** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३४,५२३,०००.०० | १५,९४४,२९२.९८ | १५,३९३,२६५.९८ | ५५१,०२७.०० | १५,९४४,२९२.९८ | ०.०० | १५,९४४,२९२.९८ | १८,५७८,७०७.०२ |
| **22213 सवारी साधन मर्मत खर्च** | | | | | **१८,०००,०००.००** | **१२,३८३,६७६.३७** | **१०,५४२,६६३.८७** | **१,८४१,०१२.५०** | **१२,३८३,६७६.३७** | **०.००** | **१२,३८३,६७६.३७** | **५,६१६,३२३.६३** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १८,०००,०००.०० | १२,३८३,६७६.३७ | १०,५४२,६६३.८७ | १,८४१,०१२.५० | १२,३८३,६७६.३७ | ०.०० | १२,३८३,६७६.३७ | ५,६१६,३२३.६३ |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **22214 वीमा तथा नवीकरण खर्च** | | | | | **३,६१०,०००.००** | **१,३८६,७८५.००** | **१,३८६,७८५.००** | **०.००** | **१,३८६,७८५.००** | **०.००** | **१,३८६,७८५.००** | **२,२२३,२१५.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३,६१०,०००.०० | १,३८६,७८५.०० | १,३८६,७८५.०० | ०.०० | १,३८६,७८५.०० | ०.०० | १,३८६,७८५.०० | २,२२३,२१५.०० |
| **22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च** | | | | | **८,४२०,०००.००** | **७,०२०,४०२.०५** | **५,५१७,१७३.८०** | **१,५०३,२२८.२५** | **७,०२०,४०२.०५** | **०.००** | **७,०२०,४०२.०५** | **१,३९९,५९७.९५** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८,४२०,०००.०० | ७,०२०,४०२.०५ | ५,५१७,१७३.८० | १,५०३,२२८.२५ | ७,०२०,४०२.०५ | ०.०० | ७,०२०,४०२.०५ | १,३९९,५९७.९५ |
| **22231 निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च** | | | | | **२,१००,०००.००** | **१,६४७,३४३.४६** | **१८४,७५०.००** | **१,४६२,५९३.४६** | **१,६४७,३४३.४६** | **०.००** | **१,६४७,३४३.४६** | **४५२,६५६.५४** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,१००,०००.०० | १,६४७,३४३.४६ | १८४,७५०.०० | १,४६२,५९३.४६ | १,६४७,३४३.४६ | ०.०० | १,६४७,३४३.४६ | ४५२,६५६.५४ |
| **22311 मसलन्द तथा कार्यालय सामाग्री** | | | | | **३२,९९८,०००.००** | **३२,९०३,२३५.२१** | **२४,२८०,६४३.६१** | **८,६२२,५९१.६०** | **३२,९०३,२३५.२१** | **०.००** | **३२,९०३,२३५.२१** | **९४,७६४.७९** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३२,९९८,०००.०० | ३२,९०३,२३५.२१ | २४,२८०,६४३.६१ | ८,६२२,५९१.६० | ३२,९०३,२३५.२१ | ०.०० | ३२,९०३,२३५.२१ | ९४,७६४.७९ |
| **22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च** | | | | | **१५,१६९,०००.००** | **८,९३२,७८३.००** | **५,८३५,७८३.३५** | **३,०९६,९९९.६५** | **८,९३२,७८३.००** | **०.००** | **८,९३२,७८३.००** | **६,२३६,२१७.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १५,१६९,०००.०० | ८,९३२,७८३.०० | ५,८३५,७८३.३५ | ३,०९६,९९९.६५ | ८,९३२,७८३.०० | ०.०० | ८,९३२,७८३.०० | ६,२३६,२१७.०० |
| **22411 सेवा र परामर्श खर्च** | | | | | **८,६००,०००.००** | **२,८१५,४१०.००** | **२,५४६,४१०.००** | **२६९,०००.००** | **२,८१५,४१०.००** | **०.००** | **२,८१५,४१०.००** | **५,७८४,५९०.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८,६००,०००.०० | २,८१५,४१०.०० | २,५४६,४१०.०० | २६९,०००.०० | २,८१५,४१०.०० | ०.०० | २,८१५,४१०.०० | ५,७८४,५९०.०० |
| **22412 सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च** | | | | | **५,५००,०००.००** | **१,४६४,३६७.००** | **१,४६४,३६७.००** | **०.००** | **१,४६४,३६७.००** | **०.००** | **१,४६४,३६७.००** | **४,०३५,६३३.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५,५००,०००.०० | १,४६४,३६७.०० | १,४६४,३६७.०० | ०.०० | १,४६४,३६७.०० | ०.०० | १,४६४,३६७.०० | ४,०३५,६३३.०० |
| **22413 करार सेवा शुल्क** | | | | | **४९,१६१,०००.००** | **३२,५७१,१३९.६८** | **२९,७६४,२३०.८०** | **२,८०६,९०८.८८** | **३२,५७१,१३९.६८** | **०.००** | **३२,५७१,१३९.६८** | **१६,५८९,८६०.३२** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४९,१६१,०००.०० | ३२,५७१,१३९.६८ | २९,७६४,२३०.८० | २,८०६,९०८.८८ | ३२,५७१,१३९.६८ | ०.०० | ३२,५७१,१३९.६८ | १६,५८९,८६०.३२ |
| **22511 कर्मचारी तालिम खर्च** | | | | | **२२,५००,०००.००** | **२०,७५०,८८४.२५** | **२०,०५०,७४८.२५** | **७००,१३६.००** | **२०,७५०,८८४.२५** | **०.००** | **२०,७५०,८८४.२५** | **१,७४९,११५.७५** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २२,५००,०००.०० | २०,७५०,८८४.२५ | २०,०५०,७४८.२५ | ७००,१३६.०० | २०,७५०,८८४.२५ | ०.०० | २०,७५०,८८४.२५ | १,७४९,११५.७५ |
| **22512 सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च** | | | | | **८,२००,०००.००** | **८९७,१३९.३४** | **८९७,१३९.३४** | **०.००** | **८९७,१३९.३४** | **०.००** | **८९७,१३९.३४** | **७,३०२,८६०.६६** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८,२००,०००.०० | ८९७,१३९.३४ | ८९७,१३९.३४ | ०.०० | ८९७,१३९.३४ | ०.०० | ८९७,१३९.३४ | ७,३०२,८६०.६६ |
| **22529 विविध कार्यक्रम खर्च** | | | | | **२४,६००,०००.००** | **६,४११,८६९.७०** | **५,८२८,२२१.७०** | **५८३,६४८.००** | **६,४११,८६९.७०** | **०.००** | **६,४११,८६९.७०** | **१८,१८८,१३०.३०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २४,६००,०००.०० | ६,४११,८६९.७० | ५,८२८,२२१.७० | ५८३,६४८.०० | ६,४११,८६९.७० | ०.०० | ६,४११,८६९.७० | १८,१८८,१३०.३० |
| **22612 भ्रमण खर्च** | | | | | **४४,००९,०००.००** | **१२,८४२,५७९.००** | **११,६४२,४७५.००** | **१,२००,१०४.००** | **१२,८४२,५७९.००** | **०.००** | **१२,८४२,५७९.००** | **३१,१६६,४२१.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४४,००९,०००.०० | १२,८४२,५७९.०० | ११,६४२,४७५.०० | १,२००,१०४.०० | १२,८४२,५७९.०० | ०.०० | १२,८४२,५७९.०० | ३१,१६६,४२१.०० |
| **22619 अन्य भ्रमण खर्च** | | | | | **१६,५१०,२३४.००** | **६,७१८,२४३.००** | **३,७१८,२४३.००** | **३,०००,०००.००** | **६,७१८,२४३.००** | **३,०००,०००.००** | **३,७१८,२४३.००** | **९,७९१,९९१.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १६,५१०,२३४.०० | ६,७१८,२४३.०० | ३,७१८,२४३.०० | ३,०००,०००.०० | ६,७१८,२४३.०० | ३,०००,०००.०० | ३,७१८,२४३.०० | ९,७९१,९९१.०० |
| **22711 विविध खर्च** | | | | | **४६,७१६,०००.००** | **२३,९२०,४०९.३०** | **२०,४०५,१६३.३०** | **३,५१५,२४६.००** | **२३,९२०,४०९.३०** | **३,०००,०००.००** | **२०,९२०,४०९.३०** | **२२,७९५,५९०.७०** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४६,७१६,०००.०० | २३,९२०,४०९.३० | २०,४०५,१६३.३० | ३,५१५,२४६.०० | २३,९२०,४०९.३० | ३,०००,०००.०० | २०,९२०,४०९.३० | २२,७९५,५९०.७० |
| **जम्मा** | | | | | ९८२,३७५,२३४.०० | ६६२,२१५,३८४.६६ | ५७५,८३२,८३३.६६ | ८६,३८२,५५१.०० | ६६२,२१५,३८४.६६ | ६,०००,०००.०० | ६५६,२१५,३८४.६६ | ३२०,१५९,८४९.३४ |

स्रोतगत जम्मा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | ९८२,३७५,२३४.०० | ६६२,२१५,३८४.६६ | ५७५,८३२,८३३.६६ | ८६,३८२,५५१.०० | ६६२,२१५,३८४.६६ | ६,०००,०००.०० | ६५६,२१५,३८४.६६ | ३२०,१५९,८४९.३४ |
| 01-नगद | ९८२,३७५,२३४.०० | ६६२,२१५,३८४.६६ | ५७५,८३२,८३३.६६ | ८६,३८२,५५१.०० | ६६२,२१५,३८४.६६ | ६,०००,०००.०० | ६५६,२१५,३८४.६६ | ३२०,१५९,८४९.३४ |
| **जम्मा** | **९८२,३७५,२३४.००** | **६६२,२१५,३८४.६६** | **५७५,८३२,८३३.६६** | **८६,३८२,५५१.००** | **६६२,२१५,३८४.६६** | **६,०००,०००.००** | **६५६,२१५,३८४.६६** | **३२०,१५९,८४९.३४** |
| **अन्तिम बजेटको तुलना (%)** | ६७.४१०% | | | | | | | |

तयार गर्ने : ........
नामः
पद :
मिति :

पेस गर्ने : ........
नामः
पद :
मिति :

प्रमाणित गर्नेः ..........
नाम :
पदः
मिति :

म.ले.प. फाराम नं:२१०

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

कार्यालय कोड नं : २०६००३५०१

## खर्चको फाँटबारी

**बजेट उपशीर्षक नम्बर:** २०६०००११४

**आयोजना/कार्यक्रम नाम:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च समेत)

**आर्थिक वर्ष:** २०८२/८३

**महिना:** असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| **31122 मेशिनरी तथा औजार** | | | | | **६८,३७५,०००.००** | **६२,८६६,१३०.९४** | **७,२७१,४७५.६४** | **५५,५९४,६५५.३०** | **६२,८६६,१३०.९४** | **०.००** | **६२,८६६,१३०.९४** | **५,५०८,८६९.०६** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६८,३७५,०००.०० | ६२,८६६,१३०.९४ | ७,२७१,४७५.६४ | ५५,५९४,६५५.३० | ६२,८६६,१३०.९४ | ०.०० | ६२,८६६,१३०.९४ | ५,५०८,८६९.०६ |
| **31123 फर्निचर तथा फिक्चर्स** | | | | | **१०,०२५,०००.००** | **४,५३६,९५८.०९** | **२,९०७,१३६.४९** | **१,६२९,८२१.६०** | **४,५३६,९५८.०९** | **०.००** | **४,५३६,९५८.०९** | **५,४८८,०४१.९१** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १०,०२५,०००.०० | ४,५३६,९५८.०९ | २,९०७,१३६.४९ | १,६२९,८२१.६० | ४,५३६,९५८.०९ | ०.०० | ४,५३६,९५८.०९ | ५,४८८,०४१.९१ |
| **31134 कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च** | | | | | **९,०००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **९,०००,०००.००** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ९,०००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ९,०००,०००.०० |
| **31161 निर्मित भवनको संरचनात्मक सुधार खर्च** | | | | | **१०,९४५,०००.००** | **३,४५८,३५३.२४** | **२,६९२,९८१.३६** | **७६५,३७१.८८** | **३,४५८,३५३.२४** | **०.००** | **३,४५८,३५३.२४** | **७,४८६,६४६.७६** |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १०,९४५,०००.०० | ३,४५८,३५३.२४ | २,६९२,९८१.३६ | ७६५,३७१.८८ | ३,४५८,३५३.२४ | ०.०० | ३,४५८,३५३.२४ | ७,४८६,६४६.७६ |
| **जम्मा** | | | | | **९८,३४५,०००.००** | **७०,८६१,४४२.२७** | **१२,८७१,५९३.४९** | **५७,९८९,८४८.७८** | **७०,८६१,४४२.२७** | **०.००** | **७०,८६१,४४२.२७** | **२७,४८३,५५७.७३** |

स्रोतगत जम्मा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | | ९८,३४५,०००.०० | ७०,८६१,४४२.२७ | १२,८७१,५९३.४९ | ५७,९८९,८४८.७८ | ७०,८६१,४४२.२७ | ०.०० | ७०,८६१,४४२.२७ | २७,४८३,५५७.७३ |
| | 01-नगद | ९८,३४५,०००.०० | ७०,८६१,४४२.२७ | १२,८७१,५९३.४९ | ५७,९८९,८४८.७८ | ७०,८६१,४४२.२७ | ०.०० | ७०,८६१,४४२.२७ | २७,४८३,५५७.७३ |
| **जम्मा** | | ९८,३४५,०००.०० | ७०,८६१,४४२.२७ | १२,८७१,५९३.४९ | ५७,९८९,८४८.७८ | ७०,८६१,४४२.२७ | ०.०० | ७०,८६१,४४२.२७ | २७,४८३,५५७.७३ |
| **अन्तिम बजेटको तुलना (%)** | | ७२.०५४% | | | | | | | |

| | | |
|---|---|---|
| तयार गर्ने : ........ | पेस गर्ने : ........ | प्रमाणित गर्नेः ......... |
| नामः | नामः | नाम : |
| पद : | पद : | पदः |
| मिति : | मिति : | मिति : |

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
कार्यालय कोड नं : २०६००३५०१

## खर्चको फाँटबारी

**बजेट उपशीर्षक नम्बर:** २०६०००० १३ | **आर्थिक वर्ष:** २०८२/८३

**आयोजना/कार्यक्रम नाम:** अख्तियार दुरुपयोग अनुसन्धान आयोग | **महिना:** असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 21112 पारिश्रमिक पदाधिकारी | | | | | ५,६००,०००.०० | ४,०८२,९५२.५० | ३,७२८,१२७.२० | ३५४,८२५.३० | ४,०८२,९५२.५० | ०.०० | ४,०८२,९५२.५० | १,५१७,०४७.५० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५,६००,०००.०० | ४,०८२,९५२.५० | ३,७२८,१२७.२० | ३५४,८२५.३० | ४,०८२,९५२.५० | ०.०० | ४,०८२,९५२.५० | १,५१७,०४७.५० |
| 21142 पदाधिकारी अन्य सुविधा | | | | | ३००,०००.०० | १४०,२००.०० | १३३,६००.०० | ६,६००.०० | १४०,२००.०० | ०.०० | १४०,२००.०० | १५९,८००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३००,०००.०० | १४०,२००.०० | १३३,६००.०० | ६,६००.०० | १४०,२००.०० | ०.०० | १४०,२००.०० | १५९,८००.०० |
| 21149 पदाधिकारी अन्य भत्ता | | | | | २,९००,०००.०० | १,५८०,०२८.५० | १,५६५,०२८.५० | १५,०००.०० | १,५८०,०२८.५० | ०.०० | १,५८०,०२८.५० | १,३१९,९७१.५० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,९००,०००.०० | १,५८०,०२८.५० | १,५६५,०२८.५० | १५,०००.०० | १,५८०,०२८.५० | ०.०० | १,५८०,०२८.५० | १,३१९,९७१.५० |
| 22211 इन्धन (पदाधिकारी) | | | | | २,२००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,२००,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,२००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,२००,०००.०० |
| 27313 सेवा निवृत्तको संचित विदा | | | | | ६००,५७०.०० | ६००,५७०.०० | ६००,५७०.०० | ०.०० | ६००,५७०.०० | ०.०० | ६००,५७०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६००,५७०.०० | ६००,५७०.०० | ६००,५७०.०० | ०.०० | ६००,५७०.०० | ०.०० | ६००,५७०.०० | ०.०० |
| 27314 सेवा निवृत्तको औषधी उपचार | | | | | ९३१,९२०.०० | ९३१,९२०.०० | ९३१,९२०.०० | ०.०० | ९३१,९२०.०० | ०.०० | ९३१,९२०.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ९३१,९२०.०० | ९३१,९२०.०० | ९३१,९२०.०० | ०.०० | ९३१,९२०.०० | ०.०० | ९३१,९२०.०० | ०.०० |
| **जम्मा** | | | | | १२,५३२,४९०.०० | ७,३३५,६७१.०० | ६,९५९,२४५.७० | ३७६,४२५.३० | ७,३३५,६७१.०० | ०.०० | ७,३३५,६७१.०० | ५,१९६,८१९.०० |

स्रोतगत जम्मा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | | १२,५३२,४९०.०० | ७,३३५,६७१.०० | ६,९५९,२४५.७० | ३७६,४२५.३० | ७,३३५,६७१.०० | ०.०० | ७,३३५,६७१.०० | ५,१९६,८१९.०० |
| | 01-नगद | १२,५३२,४९०.०० | ७,३३५,६७१.०० | ६,९५९,२४५.७० | ३७६,४२५.३० | ७,३३५,६७१.०० | ०.०० | ७,३३५,६७१.०० | ५,१९६,८१९.०० |
| **जम्मा** | | १२,५३२,४९०.०० | ७,३३५,६७१.०० | ६,९५९,२४५.७० | ३७६,४२५.३० | ७,३३५,६७१.०० | ०.०० | ७,३३५,६७१.०० | ५,१९६,८१९.०० |
| **अन्तिम बजेटको तुलना (%)** | | ५८.५३३% | | | | | | | |

| | | |
|---|---|---|
| तयार गर्ने : ........ | पेस गर्ने : ........ | प्रमाणित गर्नेः ......... |
| नामः | नामः | नाम : |
| पद : | पद : | पदः |
| मिति : | मिति : | मिति : |

printed on: '2026/07/20'

अनुसूची ४१

म.ले.प.फा. नं.

नेपाल सरकार

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरूपयोग अनुसन्धान आयोग,टंगाल[२०६००३५०१]

# राजस्व सम्बन्धी मासिक प्रतिवेदन

आ.व. २०८२/८३

महिना : असार

| सि.नं. | राजस्व शीर्षक | अघिल्लो महिना | यस महिनाको | जम्मा | नगद दाखिला हुन बांकी भौचर |
|---|---|---|---|---|---|
| १ | १४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ८९,१००.०० | ०.०० | ८९,१००.०० | |
| २ | १४२१८-विद्युतसेवा शुल्क | ०.०० | ०.०० | ०.०० | |
| ३ | १४२२१-न्यायिकदस्तूर | ०.०० | ०.०० | ०.०० | |
| ४ | १४२२९-अन्यप्रशासनिक सेवा शुल्क | ६६,३४४.०० | ०.०० | ६६,३४४.०० | |
| ५ | १४३१२-प्रशासनिकदण्ड,जरिवाना र जफत | ८,११५,००५.०० | ०.०० | ८,११५,००५.०० | |
| ६ | १४३१३-धरौटी सदरस्याहा | १००,०००.०० | ०.०० | १००,०००.०० | |
| ७ | १४५२९-अन्यराजस्व | ५,०००.०० | ०.०० | ५,०००.०० | |
| ८ | १५१११-बेरूजू | ८८५,००३.०० | ०.०० | ८८५,००३.०० | |
| ९ | १५११२-निकासा फिर्ता | ०.०० | ०.०० | ०.०० | |
| १० | ३२१२१-गत वर्षको नगद मौज्दात | ०.०० | ०.०० | ०.०० | |
| जम्मा रकम | | ९,२६०,४५२.०० | ०.०० | ९,२६०,४५२.०० | ०.०० |

कोष को अवस्था

कुल आम्दानी : ९,२६०,४५२.००

सो मध्ये, बैंक भौचरबाट : २,१४४,६४०.००

नगद संकलन :

नगद संकलन मध्ये,

- बैंक दाखिला गरेको रकम :

-नगद मौज्दात :

लेखा प्रमुख

कार्यालय प्रमुख

नेपाल सरकार
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
206003501-अख्तियार दुरुपयोग अनुसन्धान आयोग

म.ले.प. फाराम नं:६०७

# धरौटी मासिक विवरण

**आर्थिक वर्ष:** २०८२/८३
**महिना:** असार

| | |
|---|---|
| **१. आम्दानी** | |
| क. गत महिनाको धरौटी मौज्दात | ३९,६६३,५९६.२८ |
| ख. चालु महिनाको प्राप्त भएको धरौटी | २,९१६,४६१.९० |
| यस महिना सम्मको जम्मा : | ४२,५८०,०५८.१८ |
| **२. खर्च** | |
| क. चालु महिनाको फिर्ता भएको धरौटी | -१००,०००.०० |
| ख. चालु महिनाको सदर स्याहा भएको धरौटी | ०.०० |
| ग. चालु महिनाको अन्य फिर्ता भएको धरौटी | १००,०००.०० |
| यस महिना सम्मको जम्मा : | ०.०० |
| **३. स्रेस्ताअनुसारको बाँकी (१-२)** | ४२,५८०,०५८.१८ |
| **४. बैंकअनुसारको धरौटी मौज्दात** | ४२,५८०,०५८.१८ |
| **५. फरक(३-४)** | |
| **६. फरक पर्नाको कारण** | |

| | | |
|---|---|---|
| तयार गर्ने : ........ | पेस गर्ने : ........ | प्रमाणित गर्नेः .......... |
| नामः | नामः | नाम : |
| पद : | पद : | पदः |
| मिति : | मिति : | मिति : |

## १३. तोकिएबमोजिमको अन्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रकाशन भएका प्रतिवेदन तथा अन्य सामग्रीहरू देहायबमोजिम रहेका छन्ः

- आयोगको पैतिसौं वार्षिक प्रतिवेदन (आ.व. २०८१/८२)
- आयोगको पाँचौं रणनीतिक योजना आ.व. (२०८१/८२-२०८५/८६)
- स्मारिका, २०८२
- भ्रष्टाचारसँग सम्बन्धित महत्वपूर्ण नजिरहरूको सारसंक्षेप, २०७६
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०७६
- भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा भएका संवैधानिक तथा कानुनी व्यवस्था, २०७८
- नजिर सङ्ग्रह (भ्रष्टाचारसम्बन्धी कसुरमा आधारित), २०७८

## १४. अघिल्लो आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरू

- सामुदायिक शिक्षा कार्यक्रम
- आयोगको ३५ औं स्थापना दिवस कार्यक्रम
- भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन विषयक जिल्ला तथा पालिकास्तरीय अन्तरक्रिया कार्यक्रम
- नियामक निकायहरू तथा सार्वजनिक संस्थानहरूसँग अन्तरक्रिया कार्यक्रम
- आयोग र नेपाल सरकारका सचिव तथा विभागीय प्रमुखहरूबिच अन्तरक्रिया कार्यक्रम
- सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको पैतिसौं वार्षिक प्रतिवेदन पेस
- कानुनमा सुधारका लागि अन्तरक्रिया तथा मस्यौदा तयारी कार्य
- अनुसन्धान अधिकृतहरूको लागि आधारभूत तालिम कार्यक्रम

## १५. आयोगको वेबसाइट र यसको विवरण

आयोगको वेबसाइट www.ciaa.gov.np रहेको छ। उक्त वेबसाइटमा आयोगको परिचय तथा गठन, सङ्गठन संरचना, आयोगका पदाधिकारीहरूको परिचय, आयोग मातहतका कार्यालयहरूको विवरण, ऐन/कानुन, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरू सूचीकृत गरिएको छ। यसका अलावा आयोगको वेबसाइटमार्फत अनलाइन उजुरी गर्नसक्ने व्यवस्थासमेत मिलाइएको छ। आयोगको फेसबुक पेज www.facebook.com/NepalCIAA र एक्स एकाउन्ट X@ciaa_nepal मार्फत आयोगका प्रेस विज्ञप्ति सार्वजनिक गरी सूचना सम्प्रेषण गर्ने व्यवस्था गरिएको छ।




**१६. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरणः**

नेपाल सरकारबाट विनियोजित वार्षिक बजेट तथा कार्यक्रमअनुसार आयोग सञ्चालन हुने गरेको छ। आयोगको आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण बुँदा नं. १२ मा प्रस्तुत गरिएको छ।

**१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**

आयोगले यस त्रैमासिक अवधिमा सम्पादन गरेका कार्यक्रम तथा प्रगति विवरण यसै बुलेटिनको सम्पादित कार्यहरूको त्रैमासिक विवरणको यसैसाथ प्रस्तुत गरिएको छ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**

आयोगसँग सम्बन्धित ऐन, नियमावली र कार्यविधिमा गोप्य रहने भनी उल्लेख गरेका सूचना बाहेक सबै प्रकारका सूचनाहरू आयोगको वेबसाइट, पत्रपत्रिका र सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्ने गरिएको छ।

**१९. सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरणः**

आर्थिक वर्ष २०८२/०८३ को यस त्रैमासिक अवधिमा सूचना माग गरिएका १८८ वटा निवेदन परेको र सोही बमोजिम सरोकारवाला व्यक्तिलाई सूचना उपलब्ध गराइएको छ।

## २०. आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने गरेको विवरणः

आयोगको वार्षिक प्रतिवेदन र इ-बुलेटिनमार्फत आयोगका सूचनाहरू नियमित रुपमा प्रकाशित हुने गरेको छ। उक्त प्रतिवेदन र इ-बुलेटिन आयोगको Website www.ciaa.gov.np मा राख्ने गरिएको छ।आयोगले घुस (रिसवत) लिने दिने उपर गरेको कारबाहीको विवरण, कसुरउपर विशेष अदालतमा आरोपपत्र दायर लगायत आयोगका अन्य गतिविधि सम्मिलित विषयहरू प्रेस विज्ञप्ति मार्फत आयोगको वेबसाइटमा प्रकाशन गर्ने गरिएको र सो बारेमा विभिन्न सञ्चार माध्यमहरूबाट समेत सूचना सम्प्रेषण हुने गरेको छ। नेपाल टेलिभिजनसँग मिति २०८२/०४/२२ मा भएको सम्झौताबमोजिम "सुशासन सवाल" कार्यक्रम मासिक रूपमा हरेक महिनाको दोस्रो मङ्गलबार साँझ ७:२५ बजे र सोको भोलिपल्ट बिहान पुनःप्रसारण हुँदै आएको छ।

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनका विषयमा जनचेतना अभिबृद्धि गर्न, प्राज्ञिक बहसको प्रवर्धन गर्न र सरोकारवालाहरूको सहभागिता बढाई मुलुकमा सुशासन कायम गर्न आवश्यक हुने नीति तर्जुमा एवं कार्यान्वयनमा राज्यलाई सहयोग गर्ने उद्देश्यले "नीति संवाद" टेलिभिजन कार्यक्रम अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल वाच मल्टिमिडिया प्रा.लि. बिच मिति २०८२।०५।०३ गते सम्झौता भई एपी वान टेलिभिजनबाट प्रत्येक महिनाको अन्तिम आइतबार बेलुका ८:०० बजे एक पटक र सोही माध्यमबाट भोलिपल्ट कम्तिमा एक पटक पुनःप्रसारण हुँदै आएको छ। यसका अलवा सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणसम्बन्धी छोटा छोटा भिडियो क्लिपहरू बनाई सार्वजनिक स्थलमा रहेका डिस्प्लेहरूबाट पनि प्रसारण गर्ने गराउने गरिएको छ। साथै राष्ट्रिय मिडियाहरूबाट प्रसारित उक्त सामग्रीहरू आयोगको सामाजिक सञ्जालमा समेत साझा गर्ने गरिएको छ।

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को कार्यान्वयनको लागि प्रकाशित)

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादित कार्यहरूको चौथो त्रैमासिक (वैशाख-असार) विवरण

## १. उजुरी र फछ्यौंट

### १.१ आयोगमा रहेका उजुरी र फछ्यौंट

आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक (वैशाख-असार) अवधिमा ११,७२६, पहिलो-तेस्रो त्रैमासिक अवधिमा २१,६०२ उजुरी परेका तथा गत आ.व. २०८१/८२ बाट जिम्मेवारी सरेर आएका ७,३२३ उजुरीसमेत गरी कुल ४०,६५१ उजुरी रहेका छन्। पहिलो-तेस्रो त्रैमासिक अवधिमा १९,४७४ र चौथो त्रैमासिक अवधिमा १३,३२५ गरी जम्मा ३२,७९९ उजुरी फछ्यौंट भएका छन्। फछ्यौंट हुन बाँकी ७,८५२ उजुरी अनुसन्धानको क्रममा रहेका छन्। फछ्यौंट भएकामध्ये यस अवधिसम्ममा ७१९ वटा उजुरी विस्तृत अनुसन्धानमा गर्ने, ६२३ वटा उजुरी सुझावसहित तामेली गरिएको, ७,५४२ वटा उजुरी कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको, ५,७०७ वटा उजुरी सोसँग सम्बन्धित अन्य उजुरीमा गाभिएको र १८,२०८ वटा उजुरी तामेलीमा पठाइएको छ। आयोगमा परेका उजुरी सङ्ख्या, सो उपर आयोगले गरेको कारबाही एवं फछ्यौंट हुन बाँकी उजुरीको विवरण देहायअनुसार रहेको छः-

**उजुरी, फछ्यौंट र बाँकी उजुरीहरूको विवरण**

| विवरण | उजुरी सङ्ख्या | फछ्यौंट भएकामध्ये | | | | | जम्मा फछ्यौंट | फछ्यौंट हुन बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | | विस्तृत अनुसन्धानमा गर्ने | तामेली | सुझाव सहित तामेली | सम्बन्धित निकायमा लेखी पठाएको | अन्य उजुरीमा गाभिएको | | |
| गत आ.व.बाट जिम्मेवारी सरेको उजुरी सङ्ख्या | ७,३२३ | - | - | - | - | - | - | |
| पहिलो त्रैमासिक | ७,७५६ | ११८ | २,५६५ | १२ | १,३०६ | १,१७१ | ५,१७२ | ९,९०७ |
| दोस्रो त्रैमासिक | ७,१८० | २२८ | ४०५४ | ११५ | १५९४ | १३४१ | ७,३३२ | ९,७५५ |
| तेस्रो त्रैमासिक | ६,६६६ | १५९ | ४,१२६ | १९० | १,४१५ | १,०८० | ६,९७० | ९,४५१ |
| चौथो त्रैमासिक | ११,७२६ | २१४ | ७,४६३ | ३०६ | ३,२२७ | २,११५ | १३,३२५ | ७,८५२ |
| **हालसम्मको जम्मा** | **४०,६५१** | **७१९** | **१८,२०८** | **६२३** | **७,५४२** | **५,७०७** | **३२,७९९** | |

## १.२ कार्यालयगत उजुरी र फछ्यौंटको अवस्था

आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिसम्ममा आयोग र आयोगका कार्यालयहरूमा पर्न आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका उजुरीहरू देहायको तालिका तथा स्तम्भचित्रमा प्रस्तुत गरिएको छ। सो अनुसार बढी उजुरीहरू २३,९२४ (५८.८५%) आयोग टङ्गालमा दर्ता भएका छन्। आयोगका कार्यालयहरूमध्ये सबैभन्दा बढी उजुरीहरू आयोगको कार्यालय, बर्दिबासमा ३,८३१ उजुरीहरू (९.४२%) रहेका छन्। सबैभन्दा कम उजुरीहरू आयोगको कार्यालय बुटबलको सम्पर्क कार्यालय, नेपालगञ्जमा ७५७ उजुरीहरू (१.८६%) रहेका छन्।

**कार्यालयगत उजुरी र फछ्यौंटको विवरण**

| कार्यालय | अल्या उजुरी | त्रैमासिक अवधिको उजुरी | | | | कुल उजुरी | उजुरी प्रतिशत | फछ्यौंट सङ्ख्या | फछ्यौंट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | | | | |
| टङ्गाल | ३,२५४ | ४,२४५ | ४,५०२ | ४,१३५ | ७,७८८ | **२३,९२४** | ५८.८५% | २०,३६० | ८५.१०% |
| इटहरी | ४०१ | ५०० | २२९ | ५५३ | ५७१ | **२,२५४** | ५.५४% | १,६४५ | ७२.९८% |
| बर्दिबास | १,०६१ | ८३९ | ६४० | ४७७ | ८१४ | **३,८३१** | ९.४२% | २,५०९ | ६५.४९% |
| हेटौंडा | ८२० | ४७४ | ३९४ | ३४७ | ६८६ | **२,७२१** | ६.६९% | १,७६७ | ६४.९४% |
| पोखरा | १८१ | २९६ | २६७ | २४७ | ३४६ | **१,३३७** | ३.२९% | १,१५८ | ८६.६१% |
| बुटवल | २४४ | ४९६ | ४२३ | २८३ | ५५२ | **१,९९८** | ४.९२% | १,७०२ | ८५.१९% |
| नेपालगञ्ज | ११४ | १८२ | १४५ | १२३ | १९३ | **७५७** | १.८६% | ६१८ | ८१.६४% |
| सुर्खेत | ७८५ | ३९७ | ३०५ | २४६ | ३८८ | **२,१२१** | ५.२२% | १,७२८ | ८१.४७% |
| कञ्चनपुर | ४६३ | ३२७ | २७५ | २५५ | ३८८ | **१,७०८** | ४.२०% | १,३१२ | ७६.८१% |
| **जम्मा** | **७,३२३** | **७,७५६** | **७,१८०** | **७,१८०** | **११,७२६** | **४०,६५१** | **१००%** | **३२,७९९** | **८०.६८%** |

**कार्यालयगत उजुरी र फछ्यौंटको अवस्था**



### १.३ उजुरीका माध्यम

आर्थिक वर्ष २०८२/८३ मा आयोग र आयोगका कार्यालयहरूमा दर्ता भएका उजुरी र गत आर्थिक वर्ष २०८१/८२ बाट जिम्मेवारी सरेका समेत गरी ४०,६५१ उजुरीहरू विभिन्न माध्यमबाट दर्ता भएका देखिन्छन्। उजुरी दर्ता भएका माध्यमका आधारमा उजुरीको सङ्ख्या तलको तालिका र पाइचार्टमा प्रस्तुत गरिएको छ। यस अवधिमा सबैभन्दा बढी उजुरी वेबसाइटबाट प्राप्त भएको देखिन्छ भने सोपश्चात् क्रमशः इमेल, लिखित निवेदन, हुलाक सेवा, टेलिफोन, सामाजिक सञ्जाललगायतका माध्यमहरूबाट उजुरी प्राप्त भएको देखिन्छ।

**प्राप्त उजुरीको माध्यमको स्थिति**




## २. भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा आयोगबाट भएको कार्य प्रगति

### २.१ भ्रष्टाचार नियन्त्रणसम्बन्धी उपचारात्मक कार्यको प्रगति विवरणः-

**क) दर्ता भएका आरोपपत्रहरूको सङ्ख्या**

आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिको बैशाख महिनामा २१, जेठ महिनामा ९ र असार महिनामा २४ वटा गरी जम्मा ५४ वटा आरोपपत्रहरू दायर भएका छन्। यसरी यस अवधिमा दर्ता भएका ५४ वटा आरोपपत्रमध्ये घुस/रिसवतका १७ वटा भएकोमा २ वटा सम्पत्ति शुद्धीकरणसम्बन्धी आरोपपत्र समेत संलग्न रहेको थियो।

**आ.व. २०८२/८३ को चौथो त्रैमासिक अवधिमा दायर गरिएका मुद्दा र प्रतिवादी**

| क्र.सं. | कसुरको विषय | मुद्दा (सङ्ख्या) | प्रतिवादी (सङ्ख्या) |
|---|---|---|---|
| १ | घुस (रिसवत) | १७ | २० |
| २ | सार्वजनिक सम्पत्ति हानि नोक्सानी | १४ | ९९ |
| ३ | झुटा/नक्कली शैक्षिक प्रमाणपत्र | ८ | ८ |
| ४ | गैरकानुनी लाभ वा हानि | ५ | ३४ |
| ५ | गैरकानुनी सम्पत्ति आर्जन | ३ | १० |
| ६ | राजश्व चुहावट/हिनामिना | ३ | १२ |
| ७ | अन्य | ४ | ४३ |
| जम्मा | | ५४ | २२६ |

## कसुरका आधारमा मुद्दा दायरको स्थिति




यस आर्थिक वर्षको चौथो त्रैमासिक अवधिमा विशेष अदालतमा दायर गरिएका ५४ वटा आरोपपत्रमा २२६ जना आरोपीलाई प्रतिवादी बनाई बिगो रु.१०,५३,८४,७८,३४५ मागदाबी लिइएको छ। मुद्दा दायर गरिएका प्रतिवादीहरूको पद/श्रेणी वा दर्जा निम्नानुसार रहेको छः

## बिशेष अदालतमा दायर गरेका मुद्दाका प्रतिवादीहरूको पदगत र सेवा क्षेत्रगत विवरण

| क्र.सं. | पद/श्रेणी | प्रतिवादीको सेवाको क्षेत्र | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | प्रशासन | प्राविधिक | | प्रहरी/ सशष्त्र | शिक्षक | |
| | | | इन्जिनियर | अन्य | | | |
| १ | विशिष्ट श्रेणी | ३ | - | - | - | - | ३ |
| २ | सहसचिव वा सो सरह | ४ | - | १ | - | - | ५ |
| ३ | उपसचिव वा सो सरह | १४ | १ | २ | - | - | १७ |
| ४ | शाखा अधिकृत वा सो सरह | २१ | १० | ७ | १ | ३ | ४२ |
| ५ | ना.सु/खरिदार | २५ | ६ | १६ | २ | १० | ५९ |
| राष्ट्रसेवक कर्मचारी जम्मा | | ६७ | १७ | २६ | ३ | १३ | १२६ |
| ६ | निर्वाचित | १५ | | | | | १५ |
| ७ | मनोनित पदाधिकारी | २४ | | | | | २४ |
| ८ | भुतपूर्व मन्त्री | १ | | | | | १ |
| ९ | व्यवसायी | १९ | | | | | १९ |
| १० | अन्य | ४१ | | | | | ४१ |
| अन्य व्यक्ति जम्मा | | १०० | | | | | १०० |
